# प्रेस विज्ञप्ती

ग्लोबल आइएमई बैंक लि. कोष प्रवर्द्धक रहेको र ग्लोबल आइएमई क्यापीटल लि.को योजना व्यवस्थापनमा ग्लोबल आइएमई म्यूचुअल फण्ड अन्तर्गतको योजना **"ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड-१"** को प्रति इकाई अंकित मुल्य रु. १०।- दरको १२,००,००,००० इकाईको १५ प्रतिशत इकाई मध्ये कोष प्रवर्द्धक कम्पनी श्री ग्लोबल आइएमई बैंक लि.लाई १३.५० प्रतिशत अर्थात १,६२,००,००० तथा योजना व्यवस्थापक कम्पनी ग्लोबल आइएमई क्यापीटल लि.लाई १.५० प्रतिशत अर्थात १८,००,००० इकाई सुरक्षित राखी बाँकि १०,२०,००,००० इकाई ईच्छुक संघ संस्था/सर्वसाधारणहरुमा यहि मिति २०७९/०३/२२ गतेदेखि मिति २०७९/०४/०४ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवश्यक भन्दा कम इकाईको लागि आवेदन प्राप्त भएको छ।

उक्त अवधिमा जम्मा ६०,७१९ जना आवेदकहरुबाट ८,४५,८९,७६० इकाईको लागि आवेदन प्राप्त भएकोमा आवश्यक परिक्षण र रुजु पश्चात् ५६ जना आवेदकहरुले १३,४०० इकाईको लागि दिएको आवेदन दोहोरो/तेहोरो रहेकाले उक्त आवेदनहरुलाई रद्द गरी रीतपूर्वक आवेदन दिनुहुने ६०,६६३ जना आवेदकहरुबाट प्राप्त भएको ८,४५,७६,३६० इकाई बाँडफाँट लागि योग्य रहेको देखिएकोले १०० इकाईदेखि १,२०,००,००० इकाईसम्म आवेदन दिनुहुने ६०,६६३ जना आवेदकलाई आज मिति २०७९/०४/११ गते बुधबारका दिन बिहान ९:०० बजे योजना व्यवस्थापक ग्लोबल आइएमई क्यापीटल लि. को रजिष्टर्ड कार्यालय नक्साल, काठमाण्डौंमा नियमन निकाय, लगानीकर्ता, सञ्चार माध्यमका प्रतिनिधि एवं सरोकारवाला निकायका प्रतिनिधिहरुको उपस्थितिमा माग बमोजिमको इकाई बाँडफाँट गर्ने कार्य सम्पन्न गरिएको छ। साथै, कोष प्रवर्द्धक कम्पनी श्री ग्लोबल आइएमई बैंक लि. तथा योजना व्यवस्थापक कम्पनी श्री ग्लोबल आइएमई क्यापीटल लि. लाई बीज पूँजी बापत लगानी गरेको १५ प्रतिशतले हुने १,८०,००,००० इकाई यस अघि नै बाँडफाँट गरिसकिएको छ।

नेपालको धितोपत्र बजारमा यस **"ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड-१"** योजनको इकाईमा आवेदन गरी सहभागिता जनाउनुहुने सम्पूर्ण लगानीकर्ता, विभिन्न क्षेत्रबाट सहयोग तथा सद्भाव प्रदान गरी शेयर निष्कासन कार्यमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण शुभेच्छुक, ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियामक निकायहरु, सञ्चारकर्मी लगायत सरोकारवाला सबै पक्षलाई कोष प्रवर्द्धक तथा योजना व्यवस्थापकको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यहाँहरुको सहयोग र सद्भाव रहिरहने अपेक्षा सहित सबैमा हार्दिक धन्यबाद ज्ञापन गर्दछौं।

यस बाँडफाँटको नतिजा कोष प्रवर्द्धक कम्पनी ग्लोबल आइएमई बैंक लि.को वेभसाइटः www.globalimebank.com, योजना व्यवस्थापक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि.को वेभसाइटः www.globalimecapital.com तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.को वेभसाइटः iporesult.cdsc.com.np र meroshare.cdsc.com.np राखिएको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

(विजय कार्की)
वित्त विभाग
ग्लोबल आइएमई बैंक लि.

Global IME Capital Limited
Kathmandu, Nepal

(पारस मणी ढकाल)
प्रमुख कार्यकारी अधिकृत
ग्लोबल आइएमई क्यापीटल लि.

मिति : २०७९/०४/११